# व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५

भूमि व्यवस्था,कृषितथा सहकारी मन्त्रालय

कर्णाली प्रदेश,वीरेन्द्रनगर, सुर्खेत

नेपाल

# व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५

<u>प्रस्तावनाः</u> कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार व्यावसायिक कृषकहरुलाई प्रतिस्पर्धात्मक बाताबरण सृजना गरी उत्पादन बृद्धि गर्ने उद्येश्यले कृषक, कृषक समूह, सहकारी, निजी फर्ममा आवद्ध ब्यवसायीलाई उत्पादनको परिमाण र सृजना गरेको रोजगारीको आधारमा प्रोत्साहन गर्न बाञ्छनीय भएकोले **मन्त्रालयले व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यविधि, २०७५** तयार गरेको छ ।

## परिच्छेद–१

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "व्यावसायिक कृषक प्रोत्साहन कार्यक्रम संचालन कार्यबिधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था, कषि तथा सहकारी मन्त्रालय सम्झनु पर्छ ।

(ख) "कार्यालय" भन्नाले मन्त्रालय र मन्त्रालय मातहतका निर्देशनालय, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र समेतलाई सम्झनु पर्छ।

(ग) "व्यवसायी" भन्नाले कृषि पेशामा आवद्ध भई ब्यवसायिक रुपमा कृषि बाली, पशुपंक्षी, माछा, मौरीपालन तथा जडिबुटी लगायतका कृषि व्यवसाय गर्ने कृषक, कृषि उद्यमी, कृषक समूह तथा कृषि सहकारी समेतलाई सम्झनु पर्छ।

(घ) "प्रोत्साहनग्राही" भन्नाले यस कार्यविधि अनुरुप प्रोत्साहन प्राप्त गर्ने व्यवसायीलाई सम्झनु पर्छ।

(ङ) "कार्यक्रम" उत्पादनको परिमाण र श्रृजना गरेको रोजगारीको आधारमा प्रोत्साहन कार्यक्रम र उत्पादनमा आधारित अनुदान कार्यक्रम सम्झनु पर्छ ।

(च) "प्रतिफल" भन्नाले ब्यवसायिक कृषकहरुले उन्नत प्रविधि अवलम्बन गरी उत्पादन गरेको कृषि उपज तथा बहुबर्षे बालीहरुको हकमा उत्पादन शूरु नहुँदा सम्म उन्नत प्रविधि अवलम्बन गरी बिस्तार गरेको क्षेत्रफललाई सम्झनु पर्छ र सो शब्दले व्यावसायिक कृषि उद्यमले सृजना गरेको रोजगारीका अवसर समेतलाई जनाउँछ ।

## परिच्छेद-२

## <u>कार्यक्रम सञ्चालन प्रकृया</u>

३. <u>प्रोत्साहन प्रवाह गर्ने निकायः</u> प्रोत्साहन प्रवाह गर्ने निकाय मन्त्रालय तथा मन्त्रालय मातहतका कार्यालय रहनेछन् ।

४. <u>सूचना प्रवाह र आवेदन सङ्कलनः</u> सूचना प्रवाह र आवेदन सङ्कलन देहायनुसार हुनेछ :-

१. कृषक प्रोत्साहन कार्यक्रममा सहभागी हुन कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद दिई नियमानुसार प्रक्रिया पुर्‍याई अनुसूची-१ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

आवेदन आव्हान गर्नु पर्नेछ । यस्तो प्रस्ताव सम्बन्धित सरोकारवाला सबैको जानकारीका लागि स्थानीय एफ.एम.बाट समेत प्रचार प्रसार गर्न सकिनेछ ।

२. सहभागी हुन चाहने व्यवसायिक कृषक, कृषक समूह/सहकारी, तथा निजी फार्महरुले कार्यालयले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको अनुसूची-२ अनुसारको ढाँचामा आफ्नो कृषि व्यवसायले उत्पादन उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरी आवेदन पेश गर्नु पर्नेछ ।

५. <u>प्रोत्साहनग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने बिधिः</u> प्रोत्साहनग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने बिधि देहाय बमोजिम हुनेछः-

(१) <u>उत्पादनको परिमाणमा आधारित प्रोत्साहन प्रवाह गर्ने बिधिः</u> उत्पादनको परिमाणमा आधारित प्रोत्साहन प्रवाह गर्ने बिधि देहाय बमोजिम हुनेछः-

क. <u>प्रोत्साहनग्राही छनौटका आधार तथा मापदण्डः</u> सूचनामा उल्लिखित शर्तहरुको आधारमा प्रोत्साहनग्राही छनौट गरिनेछ। प्रतिफल गणनाका लागि स्वीकृत बजेटको परिधि भित्र रही जिल्लाका लागि तोकिएका प्राथमिक व्यावसायिक बाली, पशुपन्छी तथा मत्स्यपालनको संख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानिनेछ ।

ख. प्रोत्साहनग्राहीको निवेदन अनुसूचि -३ मा उल्लिखित मापदण्डको आधारमा मूल्याङ्कन गरी छनौटको लागि सिफारिश गर्ने कार्य देहाय अनुसारको छनोट समितिले गर्नेछ । यस सम्बन्धी छनोटको निर्णय कार्यालय प्रमुखले गर्नेछ ।

अ. सम्बन्धित शाखाको प्रमुख वा कार्यालय प्रमुखले तोकेको प्राविधिक कर्मचारी -१ जना

आ. कृषि विकास निर्देशनालय/पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको प्रतिनिधि -१ जना

इ. सम्बन्धित स्थानीय तहको कृषि शाखा हेर्ने प्राविधिक -१ जना

ग. व्यवसायी कृषि फार्म, कृषक समूह तथा कृषि सहकारीबाट प्रवर्द्धित रहेछ भने जम्मा प्रोत्साहनको बढीमा १५ प्रतिशत रकम सञ्चालन खर्च बापत कोषको रुपमा राख्न सक्नेछ ।

<u>२) रोजगारी सृजना गरेको आधारमा प्रोत्साहन प्रवाह गर्ने बिधि</u>

क. सम्बन्धित बाली वस्तु उत्पादन, बजारीकरण तथा कृषि उद्यम सञ्चालनले गर्दा सृजना गरेको रोजगारीलाई आधार मानी यस अन्तर्गत प्रोत्साहन उपलब्ध गराईनेछ ।

ख. प्रोत्साहन प्राप्त गर्न यस्ता व्यवसायबाट कम्तिमा ५ जनालाई प्रत्यक्ष रोजगारी पुगेको हुनु पर्नेछ ।

ग. प्रोत्साहनबाट प्राप्त लगानी भन्दा स्वलगानीबाट सञ्चालित व्यवसायले सृजना गरेको रोजगारीलाई प्राथमिकता दिईनेछ ।

घ. रोजगारी सृजनाको आधारको रुपमा प्रोत्साहनग्राहीले राखेको अभिलेख, तलब भुक्तानीको अभिलेख (बैंक खाताबाट भूक्तानी), स्थलगत फिल्ड निरीक्षण, समूदायको सामूहिक सर्जमीन तथा स्थानीय तहले दिएको पुष्टयाईं सहितको सिफारिशलाई मानिनेछ ।

ङ. बजेट सीमित भएको अवस्थामा सबैभन्दा बढी रोजगारी सृजना गर्ने एवं लगानी रोजगारीको अनुपात पनि कम भएका प्रोत्साहनग्राहीलाई प्राथमिकता दिईनेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

ना.विमला के.सी.
मन्त्री

च. **प्रोत्साहन सीमाः** स्वीकृत कार्यक्रम र बजेटको सीमा भित्र रही सामान्यतया ५ जना भन्दा बढी प्रति २ जनाको पूर्णकालीन रोजगारी थप गरे वापत रु. दश हजार प्रोत्साहन रकम उपलब्ध गराईनेछ।

परिच्छेद-३

## अनुगमन मूल्याङ्कन

६. **अनुगमन मूल्याङ्कन** : कार्यक्रम कार्यान्वयनको क्रममा मन्त्रालय/निर्देशनालय/कार्यालयले आवश्यकता अनुसार अनुगमन समिति बनाई जुनसूकै समयमा पनि अनुगमन गर्न सक्नेछ ।

परिच्छेद-४

## विविध

७. **पुरस्कार तथा कार्वाहीको व्यवस्थाः-** उदाहरणीय काम गर्ने उत्कृष्ट व्यवसायीलाई कदर-पत्र सहित सार्वजनिक सम्मान गरिनेछ । झुटा विवरण पेश गरी प्रोत्साहन रकम प्राप्त गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गरी भविष्यमा सेवा सुविधा नदिने गरी कालो सूचीमा राखिनेछ ।

८. **कानून बमोजिम हुनेः** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली, कर्णाली प्रदेश आर्थिक कार्यविधि ऐन, नियमावली, कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ ।

९. बाधा अड्काउ फुकाउनेः

(१) कार्यविधि कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा सो फुकाउने अधिकार मन्त्रालयको हुनेछ।

(२) यस कार्यविधिलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूची-१

दफा ४ को उप-दफा (१) सँग सम्बन्धित

................................ कार्यक्रममा सहभागी हुन आवेदन आव्हानको सूचना

सूचना । सूचना ।। सूचना ।।।

कर्णाली प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको आ.व. ०७५/७६ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक, कृषक समूह, सहकारी, निजी फर्ममा आवद्ध ब्यवसायीलाई ................................................................... कार्यक्रम रहेको हुँदा ........................... जिल्लाका इच्छुक कृषक, कृषक समुह, कृषि सहकारी, कृषि फार्म, उद्यमी कृषकबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले .............दिन भित्र ....................................मा तपसिल अनुसारका कागजात संलग्न गरी आवेदन पेश गर्न हुन अनुरोध छ । थप जानकारीका लागि ............................. कार्यालयहरुमा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

१. समुह/सहकारी/निजी फर्मको हकमा संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि
२. सम्वन्धित स्थानीय तहको सिफारिस पत्र
३. सहकारी र निजी फर्मको हकमा गत आ. व. को संस्थाको लेखा परीक्षण भएको प्रतिवेदन फोटोकपी
४. सहकारी र निजी फर्मको हकमा गत आ. व .सम्म कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाण पत्रको प्रतिलिपि
५. सहकारी संस्थाको तर्फवाट कारोवारमा सहभागिताका लागि आधिकारिक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि
६. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपि
७. व्यवसाय सञ्चालन गर्न जग्गा लिजमा लिएको भए सम्झौता पत्रको प्रतिलिपि
८. अन्य आवश्यक कागजातहरु

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

ना.विमला के.सी.
मन्त्री

अनुसुची २

दफा ४ को उप-दफा (२) सँग सम्बन्धित

<u>निवेदन ढाँचा</u>

मिति....

विषयः .....................................कार्यक्रममा सहभागी गराई पाउँ ।

श्रीमान् प्रमुख ज्यू

.......................

महोदय

मिति.......................को सार्वजनिक सुचना अनुसारको ....................................कार्यक्रममा सहभागी हुन जिल्ला... गापा/नपा वडा न...... मा पर्ने ............... नामक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्धमी ले १० को टिकट टास गरि अनुसुचीमा संलग्न फारम भरि यो आवेदन पेश गरेका छौ/छु ।

निवदेक

कृषक समुह/कृषि सहकारी संस्था/कृषि फार्म/उद्यमी

अध्यक्ष/प्रतिनिधिको दस्तखत

नामः

पदः

सम्पर्क फोन नं

मितिः

संस्थाको छाप

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

ना.विमला के.सी.
मन्त्री.

अनुसूचि - ३

## कृषक प्रोत्साहन कार्यक्रमको लागि व्यवसायीले पेश गर्नुपर्ने निवेदन फाराम नमूना

१. कार्यक्रममा सहभागी हुने व्यवसायीको नामः
२. स्थायी ठेगानाः
३. श्रोत साधनको विवरणः

| क.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १. | कृषकसँग भएको श्रोत साधन | | |
| क) | कुल जग्गाको क्षेत्रफल (लिजमा लिएको जग्गा समेत) | | |
| ख) | कुल खेती गरिएको क्षेत्रफल | | |
| ग) | पशुपालनको लागि प्रयोग गरेको जग्गाको क्षेत्रफल | | |
| घ) | सिंचित क्षेत्रफल | | |
| २. | सिंचाईको श्रोत | | |
| क) | कूलो | | |
| ख) | वोरिङ्ग | | |
| ग) | ईनार | | |
| घ) | कृषि पशुपन्छीजन्य यन्त्र उपकरणहरुको विवरण तथा अवस्था | | |

४. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवण

| क स | विवरण | इकाई | क्षेत्रफल/परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | तरकारी वाली | | | |
| २ | फलफूल खेती | | | |
| ३ | रैथाने वाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | | | |
| ४ | उन्नत भैसी | | | |
| ५ | उन्नत गाई | | | |
| ६ | बाख्रा | | | |
| ७ | भेडा तथा च्याङ्ग्रा | | | |
| ८ | च्याँग्रा | | | |
| ९ | स्थानिय जातको कुखुरा | | | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमली के.सी.
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| १० | नगदेबाली (अलैंची, कफि, उखु आदि) | | | |
| ११ | खाद्यान्नबाली | | | |
| १२ | दालबाली | | | |
| १३ | तेलबाली | | | |
| १४ | मसलाबाली | | | |
| १५ | माछापालन | | | |
| १६ | मौरीपालन | | | |

५. कृषि पेशामा संलग्न कामदारहरुको विवरण

| क्र.सं. | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामी कामदार |
|---|---|---|---|---|
| १ | खेती कार्यमा | | | |
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छीपालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारीकरण कार्यमा | | | |

६. लगानी स्थिति

| क्र.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | जम्मा खेती खर्च | | |
| २ | जम्मा पशुपालन खर्च | | |
| ३ | जम्मा पन्छीपालन खर्च | | |
| ४ | प्रशोधन तथा बजारीकरण खर्च | | |
| ५ | औजार उपकरणमा खर्च | | |
| ६ | अन्य खर्च | | |
| ७ | कुल जम्मा खर्च | | |

७. व्यवसायमा भएको लगानीको श्रोत

| क्र.सं. | खर्चको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | कृषि विकास बैंकबाट लिएको ऋण रकम | | |
| २ | अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको ऋण रकम | | |
| ३ | समुह/सहकारीबाट लिएको ऋण रकम | | |
| ४ | साहुबाट लिएको ऋण रकम | | |
| ५ | छिमेकीबाट लिएको ऋण रकम | | |
| ६ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| ७ | कुल जम्मा | | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविद

सचिव

ना.विमला के.सी.
मन्त्री

८. कृषि व्यवसायबाट बार्षिक आम्दानी स्थिती

| क.सं. | आम्दानीको किसिम | रकम रु. | कैफियत |
|---|---|---|---|
| १ | खेती कार्यबाट | | |
| २ | पशुपालन कार्यबाट | | |
| ३ | पन्छीपालन कार्यबाट | | |
| ४ | कृषि/पशुजन्य उपजको बजारीकरणबाट | | |
| ५ | कृषि व्यवसाय अन्तर्गत अन्य कुनै माध्यमबाट | | |
| | कुल जम्मा आम्दानी | | |

९. निम्न विषयमा सहभागी कृषक दक्षताः

| क.सं. | दक्षताको किसिम | स्थिती |
|---|---|---|
| १ | प्रविधि उपयोग तथा अनुसरण (भएको/नभएको) | |
| २ | श्रोत साधनको अधिकतम सदुपयोग (भएको/नभएको) | |
| ३ | प्रविधि विस्तारमा योगदान (भएको/नभएको) | |
| ४ | रोग किरा नियन्त्रण जैविक प्रविधिको उपयोग (भएको/नभएको) | |
| ५ | भकारो एवं गोठ सुधार (गरेको/नगरेको) | |
| ६ | उत्पादन लागत तथा प्रतिफल सम्बन्धी रेकर्ड व्यवस्थापन(गरेको/नगरेको) | |
| ७ | कुनै किसिमको पुरस्कार एवं प्रशंसा पत्र (पाएको/नपाएको) | |
| ८ | समुह, सहकारीको सदस्य (भएको/नभएको) | |
| ९ | स्थानीय स्तरमा आफ्नो अनुभवको आदन प्रदान (गरेको/नगरेको) | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

मन्त्रालय, कृषि तथा ... कर्णाली प्रदेश वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## अनुसूचि -४ (क)

## प्रोत्साहन उपलब्ध गराउने मापदण्ड

| क स | व्यवसायको प्रकार | मापदण्ड | प्रोत्साहन रकमको सीमा | कैफियत |
|---|---|---|---|---|
| १ | तरकारी वाली | कम्तिमा ८ रोपनी जमिनमा खेती गरेको | ➢ ८ रोपनीका लागि रु.२० हजार<br>➢ ८ रोपनी भन्दा वढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| २ | फलफूल खेती | कम्तिमा २०० फल्ने विरुवा | ➢ २०० फल्ने विरुवाका लागि ३० हजार<br>➢ २०० फल्ने विरुवा भन्दा बढीको हकमा प्रति विरुवा रु १५०/-का दरले थप<br>➢ प्रति कृषक अधिकतम सीमा रु ५० हजार | |
| ३ | रैथाने वाली (फापर, कोदो, चिनो, कागुनो, लट्टे) | कम्तिमा ५ रोपनी जमिनमा खेती गरेको | ➢ ५ रोपनीका लागि २० हजार<br>➢ ५ रोपनी भन्दा वढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| ४ | उन्नत भैसी | कम्तिमा ५ वटा दुधदिने भैसीपालन व्यवस्थित रुपमा गरेको | ➢ ५ वटा भैसीका लागि ३० हजार<br>५ वटा भैसी भन्दा वढीको हकमा प्रति भैसी रु २ हजारका दरले बढीमा रु ५० हजार | |
| ५ | उन्नत गाई | कम्तिमा ५ वटा दुधदिने गाई व्यवस्थित रुपमा पालन गरेको | ➢ ५ वटा गाई का लागि ३० हजार<br>५ वटा गाई भन्दा वढीको हकमा प्रति गाई रु २ हजारका दरले बढीमा रु ५० हजार | |
| ६ | बाख्रा | कम्तिमा १०० वटा बाख्रा व्यवस्थित रुपमा पालन गरेको | ➢ १०० वटा बाख्रा का लागि १५ हजार<br>➢ १०० वटा बाख्रा भन्दा वढीको हकमा प्रति बाख्रा रु १५०० का दरले बढीमा ५० हजार | |
| ७ | भेडा तथा च्याङ्ग्रा | कम्तिमा २०० वटा भेडा तथा च्याङ्ग्रा व्यवस्थित रुपमा पालन गरेको | ➢ २०० वटा भेडा तथा च्याङ्ग्रा का लागि २० हजार<br>➢ २०० वटा भेडा तथा च्याङ्ग्रा भन्दा वढीको हकमा प्रति भेडा रु १५०० का दरले बढीमा ५० हजार | |
| ९ | स्थानिय जातको कुखुरा | कम्तिमा २०० वटा वयस्क कुखुरा व्यवस्थित रुपमा पालन गरेको | ➢ २०० वटा कुखुरा का लागि रु.१० हजार,<br>➢ २०० वटा कुखुरा भन्दा वढीको हकमा प्रति कुखुरा रु १५० का दरले बढीमा रु. ५० हजार | |
| १० | नगदेबाली (अलैंची, कफि, उखु आदि) | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु.१५ हजार<br>➢ ३ रोपनी भन्दा वढीको हकमा प्रतिरोपनी रु २ हजारका दरले बढीमा रु ५० हजार सम्म | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

जा.विमला के.सी.
मन्त्री

कर्णाली प्रदेश
वीरेन्द्रनगर,सुर्खेत,नेपाल

| | | | | |
|---|---|---|---|---|
| ११ | खाद्यान्नबाली | कम्तिमा ८ रोपनी जमिनमा खेती गरेको | ➢ ८ रोपनीका लागि रु.२० हजार<br>➢ ८ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु १५सयका दरले बढीमा रु ५० हजार सम्म | |
| १२ | दालबाली | कम्तिमा ५ रोपनी जमिनमा खेती गरेको | ➢ ५ रोपनीका लागि रु.१५ हजार<br>➢ ५ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु एक हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| १३ | तेलबाली | कम्तिमा ५ रोपनी जमिनमा खेती गरेको | ➢ ५ रोपनीका लागि रु.१५ हजार<br>➢ ५ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु.१ हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| १४ | मसलाबाली | कम्तिमा ५ रोपनी जमिनमा खेती गरेको | ➢ ५ रोपनीका लागि रु.१५हजार<br>➢ ५ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु. १ हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| १५ | माछापालन | कम्तिमा ३ रोपनी जमिनमा खेती गरेको | ➢ ३ रोपनीका लागि रु.१५ हजार<br>➢ ३ रोपनी भन्दा बढीको हकमा प्रतिरोपनी रु. १ हजारका दरले बढीमा रु ५० हजार सम्म | |
| १६ | मौरीपालन | कम्तिमा ५० आधुनिक घार | ➢ ५० आधुनिक घारका लागि रु.२० हजार<br>➢ ५० आधुनिक घार भन्दा बढीको हकमा प्रति घार रु.१५ सयका दरले बढीमा रु. ५० हजार सम्म | |

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

अनुसूचि -५ (ख)

## उत्पादनमा आधारीत अनुदान उपलब्ध गराउने मापदण्ड

| क्र.सं. | उत्पादन विवरण | संस्थागत विवरण | न्युनतम बिक्री परिमाण (बार्षिक) | अनुदान रकम रु | थप उत्पादनका आधारमा दिने अनुदान रु | पेश गर्नु पर्ने विवरण |
|---|---|---|---|---|---|---|
| १. | दुध लिटर | संस्थागत | ३००० | १०००० | प्रतिलिटर रु २ का दरले बढीमा १ लाख सम्म | गत बर्षको उत्पादन रेकर्ड |
| | | व्यक्तिगत | ५०० | ५००० | प्रतिलिटर रु ५ का दरले बढीमा ५० हजार सम्म | गत बर्षको उत्पादन रेकर्ड |
| ३. | अण्डा गोटा | संस्थागत | ५०००० | १०००० | प्रति १० गोटा रु ३ का दरले बढिमा ५० हजार सम्म | गत बर्षको उत्पादन रेकर्ड |
| | | व्यक्तिगत | २५०० | ५००० | प्रति १० गोटा रु ४ का दरले बढिमा ४० हजार सम्म | गत बर्षको उत्पादन रेकर्ड |

नोटःकृषक प्रोत्साहन कार्यक्रममा समावेश भएका कृषक समुह सहकारी हरुले उत्पादनमा आधारीत अनुदानमा सहभागी हुन पाइने छैन ।

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

मा.विमला के.सी.
मन्त्री

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश सरकार
कर्णाली प्रदेश
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

अनुसूचि -३

## उत्पादनमा आधारीत अनुदान प्राप्त गर्न पेश गर्ने माग फाराम

कृषक/संस्थाको नाम, थरः

ठेगानाः जिल्ला .................. गाउँ/नगरपालिकाः .......... गाउँ/टोलः ................ वडा नं. .......

अनुदानमा समावेश गरिएको व्यावसाय ............................................. स्थानः ...........................

कार्यक्रमबाट उत्पादन हुने बस्तुः दुध /अण्डा

गत बर्ष उत्पादन भएको परिमाणः

| सि नं | विवरण | इकाइ | उत्पादन परिमाण | विक्री गरीएको परिमाण |
|---|---|---|---|---|
| | दुध | लिटर | | |
| | अण्डा | संख्या | | |

नियमित खरिद गर्ने संस्थाको विवरण

| सि नं | नाम | ठेगना | संचालनको नाम | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

पेश गर्नेको टेलिफोन नम्बरः .........................................................................................

प्रस्त अनुदानबाट गरिने कार्यकंमहरु

| क्र.सं. | सञ्चालन गरिने क्रियाकलाप | अनुदान सहयोग | साझेदारी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आवेदन दिनेको नामथरः- संस्था भए संस्थाको छापः-

पदः- मितिः-

दस्तखतः-

हरिप्रसाद पण्डित
बरिष्ठ कृषि अर्थविज्ञ

सचिव

ना.विमला के.सी.
मन्त्री